# कम्पनी रजिष्ट्रारको कार्यालय,
# त्रिपुरेश्वर, काठमाण्डौं ।
## रोष्टरमा  समावेश हुने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९।१२।२२

कम्पनीहरुमा हुने आन्तरिक विवादको व्यवस्थापन, कानून विपरितका कार्यहरुको नियन्त्रण, शेयरधनी तथा संचालकहरुको हक हितको रक्षा तथा प्रचलित कानूनको अनुपालना गर्न तथा गराउन कम्पनी ऐन, २०६३ को दफा १६ वमोजिम कम्पनी निरीक्षक परिचालन सम्वन्धी निर्देशिका, २०७९ जारी भएको छ । उक्त निर्देशिकाको दफा ७ वमोजिम कम्पनी निरीक्षकको रुपमा कार्य गर्न ईच्छुक विज्ञहरुको रोष्टर तयार गर्न लागिएको हुँदा निर्देशिकाको दफा ५ वमोजिमको योग्यता पुगेका इच्छुक व्यक्तिहरुले निर्देशिकाको अनुसुची २ मा उल्लिखित विज्ञताका क्षेत्रहरुमध्ये आफू सुचिकृत हुन चाहेको कम्तीमा एउटा क्षेत्र उल्लेख गरी अनुसुची ३ वमोजिमको ढाँचामा यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र कार्यालयको **इमेल ठेगाना** info@ocr.gov.np वा **कार्यालयको कम्पनी प्रशासन शाखा (ङ)** मा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्च: कम्पनी निरीक्षक परिचालन सम्वन्धी निर्देशिका, २०७९ र निवेदनको ढाँचा कार्यालयको वेवसाइट www.ocr.gov.np मा रहेको कागजात Menu भित्रको अन्यमा अपलोड गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

# कम्पनी निरीक्षकको रुपमा सूचीकृत हुन पेश गर्ने निवेदनको ढाँचा

श्रीमान् रजिष्ट्रारज्यू
कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर ।

त्यस कार्यालयले प्रकाशन गरेको सूचना वमोजिम, तपशिलका विषयमा आफुले हाँसिल गरेको विज्ञता वमोजिम **कम्पनी निरीक्षक**को रुपमा कार्य गर्न इच्छुक भै आवश्यक योग्यता र अनुभवका कागजातहरु संलग्न राखी सूचिकृत हुन भनी यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

१. **व्यक्तिगत विवरण :**

| | | |
|---|---|---|
| नाम: | नेपाली: | अंग्रेजी: |
| सम्पर्क नं.: | मोवाइल नं: | ईमेल: |

**२. सम्पर्क ठेगाना :**

| | | | | |
|---|---|---|---|---|
| स्थायी: | जिल्ला: | पालिका: | वडा नं.: | टोल: |
| अस्थायी: | जिल्ला: | पालिका: | वडा नं.: | टोल: |

**३. शैक्षिक योग्यता सम्बन्धी विवरण :**

| शैक्षिक उपाधि | मुलुक | उत्तिर्ण गरेको साल | निकाय |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**४. पेशागत इजाजत सम्बन्धी विवरण :**

| इजाजत दिने संस्था | इजाजत नं. | मान्य अवधि |
|---|---|---|
| | | |
| | | |
| | | |

**५. अनुभव सम्वन्धी विवरण :**

| निकाय/संस्था | अवधि | कैफियत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

स्थायी लेखा नम्वर: राष्ट्रिय परिचय पत्र नं.:

**६. सूचिकृत हुन चाहेको समूह (कम्तीमा एक वा आवश्यकता अनुसार एकभन्दा वढी क्षेत्रमा (✓) चिन्ह लगाउनुहोस )**

☐ चार्टर्ड एकाउण्टेण्ट

☐ वाणिज्य कानुनमा स्नातकोत्तर वा थप उच्च अध्ययन गरेका वरिष्ठ अधिवक्ता वा अधिवक्ता

☐ उद्योग वा कम्पनी प्रशासनको क्षेत्रका अनुभव प्राप्त विज्ञ ।

☐ वित्त, व्यवस्थापन वा वाणिज्य क्षेत्रमा स्नातकोत्तर गरी कार्यानुभव प्राप्त व्यक्ति ।

☐ कानुन व्यवसाय गर्न अनुमति प्राप्त व्यक्ति ।

☐ लेखापरीक्षण गर्न अनुमति प्राप्त व्यक्ति ।

**पुनश्चः**

१) निवेदनका साथ नेपाली नागरिकताको प्रमाणपत्र,शैक्षिक योग्यता, अनुभवका कागजात, स्थायी लेखा नं. लगायत अन्य आवश्यक कागजात/प्रमाणपत्रको प्रतिलिपि संलग्न छ ।

२) कार्यालयले तोकेको निरीक्षकले प्राप्त गर्ने खर्च र खर्च भुक्तानीका शर्तहरुको विषयमा जानकारी छ र सो वमोजिम खर्च भुक्तानी लिन मञ्जुर गर्दछु । साथै ऐनको दफा १२१ को उपदफा (२) वमोजिम निरीक्षक तोकिएको अवस्थामा यसै निर्देशिकामा तोकिएको प्रकृया अवलम्वन गरी पारिश्रमिक वा निरीक्षण खर्च भुक्तानी भएमा मलाई मञ्जुर छ ।

३) कार्यालयले निरीक्षकको रुपमा नियुक्त गरेमा, कावु वाहिरको परिस्थिति परेको अवस्था वा कानुन वमोजिम निरीक्षकको रुपमा कार्य सम्पादन गर्न नमिल्ने अवस्थामा वाहेक कार्यजिम्मेवारी अस्वीकार गर्ने छैन ।

मितिः हस्ताक्षर